२०८० फागुन १७ गते

**श्रमजिवी स्वरोजगार सडक व्यापारी नागरिकका मानव अधिकारको सम्मान र संरक्षण गरियोस् ।**

काठमाडौँ महानगरको जननिर्वाचित नागरिक नेतृत्वले धैर्यताकासाथ संवादको माध्यमले समस्याको समाधान गर्ने प्रयास गर्नुको साटो महानगर प्रहरी परिचालन गरी अत्यधिक बल प्रयोग गरेर केही सडक व्यापारीलाई गम्भीर घाइते बनाएको र उनीहरूको सामान लुटपाटको शैलीमा जफत गरेको घटनाको हामी खेद व्यक्त गर्दछौँ । जीविकोपार्जनको अरु विकल्प नभएर राजधानीको सडकमा सानोतिनो व्यापार गर्दै आएका स्वरोजगार नागरिकहरू उपर श्रृङ्खलाबद्ध रूपमा हुँदै आएको अत्यधिक बल प्रयोगका घटना स्थानीय प्रशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐनको मात्र होइन, महानगर प्रहरी बल ऐनको समेत उल्लङ्घन भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले स्थानीय सरकारहरूलाई दिएको नगर प्रहरी बल गठन गर्ने अख्तियारीको दुरुपयोग रोकिनु पर्छ भन्नेमा हामी जोड दिन्छौँ । स्थानीय तहको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धि हासिल गर्न यस्तो प्रहरी संरचनाको कल्पना स्थानीय सरकार सञ्चालन ऐनले गरेको स्मरण गराउन चाहन्छौँ ।

अपवादको रुपमा उचित बल प्रयोगको खाँचो भए नेपाल प्रहरीसँग समन्वय गर्ने हो, नगर प्रहरी अनधिकृत रुपमा नागरिकमाथि आक्रामक रूपमा जाइलाग्ने कार्य आफैँमा मानव अधिकारको उल्लङ्घन हुने हाम्रो ठहर छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को मर्म विपरीत हतियार प्रयोग गर्ने अख्तियारीसमेत नपाएको नगर प्रहरीका कतिपय कृयाकलापहरूमा अत्यधिक बल प्रयोगको प्रवृत्ति बढ्दै जानु चिन्ताजनक छ ।

काठमाडौँ महानगरपालिकाको पनि संविधानको धारा ३३ ले सुनिश्चित गरेको रोजगारीको अधिकार लगायतका मौलिक हकलाई सम्मान संरक्षण र परिपूर्ति गर्ने दायित्व रहन्छ । त्यसलाई कुल्चेर लघु पूँजीमा आश्रित सडक व्यापारीलाई कुनै विकंल्प नदिइ व्यापार-व्यवसायबाट बेदखल गराउने कार्यले जीविकोपार्जनको अरु विकल्प नभएका विपन्न नागरिकलाई अन्ततः गरिबीको दुष्चक्रबाट उम्किनै दिँदैन । तसर्थ सडक व्यवसायीमाथि दुर्व्यवहार गर्ने होइन, उनीहरूको मर्काको सुनुवाइ गर्नु पर्दछ । देश भित्रै निर्धक्क श्रम गरेर जीविकोपार्जन गर्ने वातावरण सृजना गरिनु पर्दछ । स्वरोजगारको प्रयासलाई टेवा दिनु पर्दछ । मौलिक हक पालनाको विषयमा स्थानीय सरकारलाई निर्देशन दिनसक्ने व्यवस्था संविधानको धारा १३२ (८) र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११४ ले गरेको बारे सङ्घीय सरकारको ध्यानाकर्षण होस् ।

कानुनी शासनको मातहतमा रहेर आफ्ना निर्णय कार्यान्वयन गराउन प्रयोग गरिनुपर्ने नगर प्रहरीलाई धरपकड, कुटपिट र बिक्रीका लागि प्रदर्शित वस्तुहरूको बिना कुनै लगत गैरकानुनी रूपमा जफत गराउन परिचालन गरिनु नेपालको संविधानका साथै नेपाल पक्ष राष्ट्र भएको संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको उल्लङ्घन हो । तसर्थ सडक तथा सार्वजनिक स्थलमा नागरिकमाथि कुटपिट गर्ने अपराधिक कार्यमा संलग्न जोसुकैलाई कानुनी कारबाहीको दायरमा ल्याउन नेपाल प्रहरी र महानगर प्रशासन लगायत सम्बन्धित सबै निकायसँग जोडदार माग गर्दछौँ । साथै राज्यबाट विशेष अविभावकीय संरक्षणको दरकार भएका नागरिकमाथि नै महानगरपालिका सरकारबाट हुने यस किसिमका उल्लङ्घनका घटनालाई गम्भीरताका साथ लिई

निगरानी बढाउनका लागि राष्ट्रिय मानव अधिकार आयोग र सङ्घीय संसदका संसदीय समितिहरूसँग पनि आग्रह गर्दछौं ।

**डा. कुन्दन अर्याल,** अध्यक्ष, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**चरण प्रसाई,** संयोजक, जवाफदेहिता निगरानी समूह

**निराजन थपलिया**, निर्देशक एम्नेस्टि इन्टरनेसनल

**भगवती अधिकार,** कार्यकारी निर्देशक, नेपाल महिला एकता समाज

**विष्णुप्रसाद पोखरेल,** उप कार्यकारी निर्देशक, जुरी-नेपाल

**जगत देउजा,** कार्यकारी निर्देशक, आत्मनिर्भर केन्द्र

**प्रकाशमणि शर्मा,** वरिष्ठ अधिवक्ता

**राजुप्रसाद चापागाई,** अधिवक्ता

अपिलकर्ताको तर्फबाट
**डा. कुन्दन अर्याल**
**अध्यक्ष, इन्सेक**